☎ ०६६-४०२२६

सुन्दरबजार नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(रोजगार सेवा केन्द्र)

सुन्दरबजार, लमजुङ

गण्डकी प्रदेश, नेपाल

## बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने जरुरी सूचना

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी **आर्थिक वर्ष २०७७/०७८ मा** स्थानीय तह मातहत रहेका **रोजगार सेवा केन्द्र**को समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक निवेदन दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा गरी ५९ वर्ष नपुगेका बेरोजगार ब्याक्तिहरुले मिति २०७७ श्रावण ८ गते देखि २०७७ भाद्र ७ गतेसम्म आफुले स्थायी बसोवास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार ब्याक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनुहुन अनुरोध गरिन्छ । पुनश्चः निवेदनको फारम सम्बन्धित वडा कार्यालयमा वा रोजगार सेवा केन्द्रबाट निशुल्क प्राप्त गर्न सकिनेछ ।

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (अनिवार्य) १ प्रति
२. पासपोर्ट साइजको फोटो (अनिवार्य) १ प्रति
३. अन्यत्रबाट बसाई सराई भएर आएका निवेदकको हकमा बसाई सराई प्रमाण पत्रको प्रतिलिपी
४. बिवाहीत महिला निवेदकको हकमा स्थायी ठेगाना अन्यत्र भएमा बिवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी
५. कुनै सिप सम्बन्धी तालिम लिएको भए प्रमाण पत्रको प्रतिलिपी
६. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी (अनिवार्य नभएको)

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड**

(क) निवेदन दिने अघिल्लो आर्थिक वर्षमा न्यूनतम एकसय दिनको रोजगारीमा संलग्न नभएको ।
(ख) निवेदन दिने अघिल्ला आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम एकसय दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको ।
(ग) निवेदन फारममा माग भएका सम्पुर्ण बिवरण (**निवेदनमा माग भएका आवश्यक सम्पुर्ण विवरण र घर परिवारका सदस्यहरुको विवरण समेत**) भरी आफैले सहिछाप तथा दस्तखत गरी वडा अध्यक्षबाट प्रमाणित गराई वडा कार्यालयमा दर्ता गरेको सक्कलै निवेदन पेश गरेको ।

**नोट : माथि उल्लेखित सम्पुर्ण मापदण्ड पुरा गरी वडा कार्यालयबाट प्रारम्भिक छानविन गरी रोजगार सेवा केन्द्रमा प्राप्त निवेदकलाई मात्र बेरोजगार सुची निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन, २०७६ अनुसार सुचिकरणको प्रक्रियामा संलग्न गरिनेछ ।**

थप जानकारीका लागि

रोजगार सेवा केन्द्र, सुन्दरबजार नगरपालिका (सम्पर्क नं. ९८४१३८०३७५) मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

रोजगार संयोजक